# लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठि २०८०

- सहकारी सञ्चालन एवं अनुपालना जोखिमः मापन र व्यवस्थापन रणनीति

- प्रस्तुतकर्ताः नमराज घिमिरे

# जोखिम पहिचान र व्यवस्थापन



वित्तीय कारोवार गर्ने संस्थाहरुले प्राय विभिन्न प्रकारका जोखिमको सामना गर्नुपर्दछ । व्यवसायिक सफलता हासिल गर्न तथा प्रतिफल प्राप्त गर्नका लागि संस्थाको क्षमता अनुसार जोखिम वहन गर्नैपर्दछ । तर यस्तो जोखिमको उचित व्यवस्थापन गर्न सकिएन भने संस्थाको पूँजी, आर्जन क्षमता तथा निरन्तरतामा समेत गम्भिर असर पर्न सक्दछ । जोखिमलाई उचित व्यवस्थापन गर्न सकेमा संस्थाको सम्पत्ति सुरक्षित हुने, श्रोत साधनको उच्चतम परिचालन हुने तथा संस्थाप्रति सदस्यको विश्वसनियता कायम रही व्यवसायको बृद्धि एवं  लक्ष्य प्राप्तीमा सहज हुनेछ ।

# जोखिमका मुख्य प्रकारहरु

(१) कर्जा जोखिम(Credit Risk)

(२) तरलता ‘जोखिम (Liquidity Risk)

(३) सञ्चालन जोखिम (Operation Risk)

(४) प्रविधिगत जोखिम (Technological Risk)

(५) ब्याजदर जोखिम (Interest Rate Risk)

(६) लगानी जोखिम (Investment Risk)

(७) साख जोखिम (Reputation Risk)

(८) अनुपालना जोखिम (Compliance Risk)



- **जोखिम पहिचान र ब्यवस्थापन**

- सामान्यतया सकारात्मक उद्देश्यले गरिने कुनै पनि बस्तु वा कारोवारमा निहित वा सम्भाव्य हानी वा नोक्सानीलाई जोखिम भनिन्छ ।

- संस्थाले समय समयमा जोखिमको पहिचानका साथै जोखिमको वर्गिकरण गरी सोको व्यवस्थापनका औजारहरुको प्रभावकारी कार्यान्वयन गरेमा संस्था सक्षम र दीगो हुन सक्दछ ।

- अर्थ बजारमा जोखिमहरु सामान्यतया दुई प्रकारका हुन्छन । प्रथम संस्थाको नियन्त्रण भित्र र दोस्रो संस्थाको नियन्त्रण भन्दा वाहिर ।

- जोखिम व्यवस्थापन एउटा यस्तो प्रक्रिया हो जसले सम्भावित घटना र परिस्थितिको पहिचान, मल्याङ्कन, व्यवस्थापन र नियन्त्रण गरी संस्थाको उद्देश्य प्राप्तिको प्रत्याभूति प्रदान गर्दछ ।

# जोखिमले ल्याउन सक्ने संभावित परिणामहरु


- तरलता अभाव
- मुनाफामा कमी वा नोक्सानीमा वृद्धि
- संचालन लागतमा वृद्धि
- संस्थाको प्रतिष्ठा खस्कनु
- भुक्तानी क्षमतामा ह्रास
- बजारमा तीव्र प्रतिस्पर्धा
- कर्मचारी कटौति
- संस्थामा तालावन्दी, सदस्य प्रतिष्ठा गिर्नु

## सञ्चालन तथा अनुपालना जोखिमको परिचय

सहकारीमा सञ्चालन तथा अनुपालन जोखिम भन्नाले उत्पादन तथा प्रतिफलमा ह्रास, स्रोत तथा साधनको दुरुपयोग, कानुनी तथा नियामक प्रतिबन्धहरु, वित्तिय हानी वा प्रतिष्ठामा क्षतिको जोखिमलाई बुझाउछ ।

## सञ्चालन तथा अनुपालना जोखिमको कारणहरु

निष्क्रिय/गैर सदस्यहरुसंग कारोबार, कमजोर सुशासन र व्यवस्थापन, अपर्याप्त जनशक्ति, व्यावसायिक योजनाको अभाव, फितलो अनुगमन, सूचना प्रणालीको अभाव (एमआईएस), कार्यसम्पादन मापदण्ड, लक्ष्यीकरणको अभाव र कमजोर पोर्टफोलियो व्यवस्थापन, निति तथा कार्यविधिहरुमा भएको व्यवस्थाहरु व्यवहारमा नभई कागजी रुपमा मात्र सिमित प्रमुख कारणहरु हुन्।



# सहकारीमा सञ्चालन एवं अनुपालना जोखिम मापन:

- नीतिगत व्यवस्था
- साधारण सभा तथा लेखापरिक्षण
- संगठनात्मक संरचना (आवश्यक उपसमिति र व्यवस्थापन)
- मानव संसाधन दक्षता विकास
- भौतिक सम्पत्तिहरु
- प्रविधिको प्रयोग
- योजना तथा बजेट

# सहकारीमा सञ्चालन एवं अनुपालना जोखिम मापन:

- सहकारी ऐन, नियमावलि, सम्पती शुद्धिकरण तथा निवारण सम्बन्धि नियामक निकायद्वारा जारी निर्देशन, श्रम ऐन, आयकर ऐन लगायत सम्वन्धित कानुन, नीति नियम र निर्देशनको परिपालना, आन्तरिक नीति नियमको पालना
- नियामकिय निकायलाई प्रतिवेदन (कोपोमिस र goAML)
- आन्तरिक नियन्त्रण प्रणाली चुस्तता तथा प्रयाप्तता
- संचालक समितिको बैठकको निरन्तरता तथा निर्णयहरु
- लेखापरिक्षक तथा लेखा सुपरिवेक्षण समितिद्वारा पेश गरिएको सुझावको कार्यान्वयनको स्तर मापन

# व्यवस्थापन रणनीति तथा लेखा सुपरिवेक्षण समितिको भुमिका

- कार्यविधिहरु निर्माण एवं अद्यावधिक
- नियमित साधारण सभा तथा लेखापरिक्षण
- संस्थागत क्षमता र आवश्यकताका आधारमा उपसमितिहरु गठन
- मानव संसाधनको दक्षता विकासका लागि प्रभावकारी संयन्त्र
- योजना तथा बजेट माथि छलफल सहित पारित
- भौतिक सम्पत्तिको सदुपयोग एवं सुरक्षा
- संस्थाको विनियम, नीति तथा आन्तरिक कार्यविधि तथा निर्णय प्रकृयामा संवद्ध ऐन कानुनको परिपालना

# व्यवस्थापन रणनीति तथा लेखा सुपरिवेक्षण समितिको भुमिका

- कोपोमिस र goAML एवं अन्य नियमित प्रतिवेदनहरु
- कार्यालय व्यवस्थापन
- नवीनतम प्रविधिको प्रयोग र यसको सुरक्षा व्यवस्था ।
- सेवाको विविधिकरण
- आन्तरिक हानी नोक्सानीको डाटा सङ्कलन
- अन्य आवश्यक बाह्य डाटा सङ्कलन र त्यसको विश्लेषण
- सहकारीको आम्दानी तथा स्रोत परिचालनको अध्ययन तथा विश्लेषण

## संचालन जोखिमका सम्भावित स्रोतहरू

- सदस्यले उपभोग गरेको कर्जा समयमा भुक्तानी नहुनु
- सदस्यको खराब नियत (Fraud)
- संस्थाको कमजोर शुसासन
- संस्थाको प्राविधिक प्रणालीमा समस्या
- सदस्यहरूको तथा बजारको बारेमा अपर्याप्त तथ्याङ्क
- अनुपालना जोखिम
- आपूर्ति श्रृंखलामा अवरोध सम्बन्धि जोखिम
- प्राकृतिक प्रकोप वा अन्य अप्रत्याशित घटनाहरूले पार्न सक्ने असर
- सञ्चालक तथा कमर्चारी र बजारमा देखिएको नकारात्मक सार्वजनिक धारणाले प्रतिष्ठा जोखिम
- अपर्याप्त तरलता सम्बन्धि जोखिम
- अपर्याप्त मानव संशाधन जोखिम
- अपर्याप्त सीप वा ज्ञानहुँदा समेत विशिष्ट लक्ष्य निर्धारण



## ......संचालन जोखिमका सम्भावित स्रोतहरू

- सदस्यहरूको कमजोर उपस्थिति
- सहकारीको लगानी वा मूल्य निर्धारण रणनीतिलाई असर गर्ने बजारको उतार चढावको जोखिम
- ढिलाइको कारणले परिचालन बाधा सम्बन्धि जोखिम
- नियामक परिवर्तनहरू
- कमजोर रणनीतिक निर्णयहरूको कारणले उत्पन्न हुने वा हुन सक्ने रणनीतिक जोखिम
- कानुनी जोखिम
- साइबर सुरक्षा सम्बन्धि खतरा
- जलवायु परिवर्तन वा प्राकृतिक प्रकोप जस्ता पर्यावरणीय कारकहरूको जोखिम
- सिमित सदस्यहरुमा अत्यधिक निर्भरता
- सहकारी सिद्धान्तहरूको अपर्याप्त परिपालना
- कर्मचारी तथा सञ्चालकहरूको अनैतिक संलग्नता र खराब नियत

# ……. संचालन जोखिमका सम्भावित स्रोतहरू

- सहकारी भित्र नैतिक कमजोरी वा नैतिक मापदण्डहरूको उल्लङ्घन।
- साइबर सुरक्षाको अनुपालनामा कमी
- IT प्रणाली समयमा अपग्रेड नहुनु
- तोकिएको समयमा कार्य सम्पन्न नहुनु (Day Close, Year End, Audit, AGM)
- सम्पत्तिको कमजोर परिचालन
- परिचालन अवरोध वा वित्तीय संकटबाट पुन: प्राप्तिको लागि अपर्याप्त योजना
- अन्तर सहकारी कारोबारको जोखिम
- ब्याजदर जोखिम
- अपर्याप्त बजार अनुसन्धान
- स्रोतबाहकहरूको वित्तिय अस्थिरता
- राजनीतिक नेतृत्वमा परिवर्तन वा सहकारी सञ्चालनलाई असर गर्ने नियामक नीतिहरूमा परिवर्तनबाट उत्पन्न हुने जोखिमहरू
- वित्तीय रिपोर्टिङ वा लेखा अभ्यासहरूमा त्रुटिहरू

# .........संचालन जोखिमका सम्भावित स्रोतहरू

- अपर्याप्त वा अनुपयुक्त बीमा कभरेज
- अन्य सहकारी संस्थाहरूसँग एकिकरणसँग सम्बन्धित जोखिमहरू
- कर नियमहरूको पालना गर्न असफलता, वित्तीय जरिवाना र कानूनी मुद्दाहरूमा कमजोरी
- सामाजिक उत्तरदायित्व र दिगोपन
- प्रमुख कार्यहरू आउटसोर्सिङसँग सम्बन्धित जोखिमहरू
- व्यावसायको वृद्धि र विस्तार गर्न अपर्याप्त पूँजी भण्डार
- अन्य सहकारीहरूसँग प्रतिस्पर्धा सम्बन्धि जोखिम
- प्रतिष्ठा वा परिचालन संकटको प्रतिक्रियामा अप्रभावी संकट व्यवस्थापन रणनीतिहरू
- कमजोर कानूनी दस्तावेज र सम्झौताहरू
- अचानक नेतृत्व परिवर्तन सम्बन्धि जोखिम
- महत्वपूर्ण कर्मचारीहरूको बहिर्गमन सम्बन्धित जोखिम
- आर्थिक मन्दी सम्बन्धि जोखिम जसले सदस्यको वित्तीय स्थिरता र ऋण चुक्तामा असर

# लेखा सुपरिवेक्षण समिति

- सहकारी संस्थाहरू समुदायद्वारा स्थापित सदस्यहरूद्वारा सञ्चालन र नियन्त्रण गरिने संस्थाहरू हुन् । सहकारीको संचालन तथा व्यवस्थापनका निमित्त संचालक समितिको भूमिका महत्वपूर्ण हुन्छ । संचालक समिति र समिति मातहतका उपसमिति एवं व्यवस्थापनबाट संस्था संचालनका क्रममा गरिएका क्रियाकलावहरुको मूल्यांकन गर्ने काम लेखा सुपरिवेक्षण समितिले गर्दछ ।


- लेखा सुपरिवेक्षण समितिले सहकारी संस्थाको आन्तरिक अनुगमन गरी संस्थालाई सही मार्गमा हिडाउन रचनात्मक भूमिका निर्वाह गर्दछ । त्यसकारण लेखा सुपरिवेक्षण समिति सहकारी सस्थामा स्वनियमनको पाटोमा महत्वपूर्ण भूमिका निभाउने निकाय हो ।

# लेखा सुपरिवेक्षण समिति

संचालक समिति र व्यवस्थापनले गरेका क्रियाकलावहरु कत्तिको प्रभावकारी छन् । संस्थामा निर्णय प्रकृया कस्तो छ । निर्णयहरु प्रचलित ऐन, नियम, विनियम, नीति, निर्देशिका बमोजिम छन् छैनन् । संस्था संचालनका क्रममा जिम्मेवारी र जवाफदेहिताको अवस्था कस्तो छ भन्ने कुराको जाँच गर्ने संस्था भित्रको अधिकार प्राप्त निकाय लेखा सुपरिवेक्षण समिति हो ।

सहकारी संस्थालाई नीति विधिको परिधि भित्र रहि सहकारीको मर्म अनुसार संचालन गर्ने दायित्व संचालक समितिको हो । संचालक समितिले गरेका कार्यहरुको निरीक्षण एवं मूल्याङ्कन गरी आवश्यक अवस्थामा नियन्त्रण र सन्तुलनको भूमिका निर्वाह गर्ने अङ्ग लेखा सुपरिवेक्षण समिति भएकाले यी दुई एक अर्काका परिपूरक हुन् ।

# सहकारीमा आन्तरिक नियन्त्रण प्रणाली



# आन्तरिक नियन्त्रण प्रणालीका औजारहरु:

अधिकार प्रत्यायोजन तथा जिम्मेवारी निर्धारण

सहकारी संघ संस्थाहरुले पालना गर्नु पर्ने आचार संहिता ।

वित्तीय सूचना र प्रतिवेदनको स्पष्टता ।

कार्य संचालन विधिको स्पष्टता ।

नीतिगत प्रकृयाको स्पष्टता ।

योजना तथा वजेट प्रणालीको कार्यान्वयन

सम्पतिको भौतिक सुरक्षा ।

आन्तरिक जांच र सन्तुलन प्रणाली ।

कारोवारहरुको अध्यावधिक अभिलेखन ।

प्रभावकारी आन्तरिक लेखापरीक्षण ।

कमिकमजोरीहरुको सुधारात्मक ब्यवस्था ।

सुरक्षीत प्रविधिको प्रयोग ।



# जोखिम व्यवस्थापन

- संस्थाले समय समयमा जोखिमको पहिचानका साथै जोखिमको वर्गिकरण गरी सोको व्यवस्थापनका औजारहरुको प्रभावकारी कार्यान्वयन गरेमा संस्था सक्षम र दीगो हुन सक्दछ ।
- यसका लागि संस्थाले आफ्नो आवश्यकता अनुसारको जोखिम व्यवस्थापन नीति तथा कार्यविधी तयार गरी अद्यावधिक गर्दै कार्यान्वयनमा लगेमा जोखिम न्यूनीकरण हुनेछ ।
- प्रविधिगत जोखिमवाट बच्न साइवर सेक्युरिटि सम्बन्धी कार्यविधि बनाई सोही अनुरुप संस्थाका डिभाइसहरुको प्रयोग गर्ने ।
- संस्थागत संरचना ब्यवस्थापन तथा परिसूचकहरु मापदण्डभित्र ल्याउने, कर्मचारीको छनौट, कार्य विभाजन र कार्य सम्पादन मूल्यांकन समयमा गर्ने ।

# जोखिम व्यवस्थापन

- जोखिम मुल्यांकन उपसमिति गठन गरि समय समयमा संस्थाको जोखिम स्तर मापन गरि समाधानका विकल्पहरु खोजि गर्ने ।

- आन्तरिक नियन्त्रण प्रभावकारी बनाउने, संस्था संचालनमा समितिहरुका पदाधिकारीको दबाव र समितिमा यसको अवस्था बारे पर्याप्त छलफल गर्ने पद्धतिको विकास गर्ने ।

- साधारण सभा संचालन गर्ने पदधति प्रभावकारी वनाउने, समिति र व्यवस्थापन समेतको बैठक बस्ने पद्धतिको विकास गर्ने ।

- संस्थाको साख बचाउन सदस्य र समुदायसगँ केन्द्रीत भइ सामुदायीक कार्यमा सहभागीता जनाउने ।

# दफा १५०

"१५०क. <u>सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन पालना गर्नु पर्ने</u> : (१) सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रचलित कानून बमोजिमका निकायबाट जारी भएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था प्रदेश वा स्थानीय सहकारी कानून अन्तर्गत दर्ता वा सञ्चालन भएको सहकारी संस्थाको हकमा समेत समान रूपमा लागू हुनेछ ।

(३) प्रदेश सरकार वा स्थानीय तहले उपदफा (२) बमोजिम दर्ता वा सञ्चालन भएको सहकारी संस्थालाई उपदफा (१) बमोजिमको निर्देशन लागू गर्नु, गराउनु पर्नेछ।"

# सम्पत्ति शुद्धिकरण तथा निवारण सम्बन्धि जारी केहि निर्देशन

- ✓ सदस्य पहिचान फारम (KYM) अध्यावधिक
- ✓ उच्च पदस्थ व्यक्तिको पहिचान
- ✓ वास्तविक धनिको पहिचान
- ✓ सिमा कारोबारको स्रोत खुलासा
- ✓ सिमा कारोबारको जानकारी तथा प्रतिवेदन (TTR) :- **रू १० लाख वा बढी**
- ✓ असामान्य कारोबारको जानकारी तथा प्रतिवेदन (STR) :- **रू ३० लाख वा बढी**
- ✓ शंकास्पद क्रियाकलापको प्रतिवेदन (SAR)



# धन्यवाद